**मिति २०७६ साल असार १० गतेका दिन भएको पाँचौं नगरसभाको पहिलो बैठकका निर्णयहरु**

निर्णय नं. १

यस नगरपालिकाको कार्यपालिका बाट स्वीकृत भइ बजेट तथा कार्यक्रम तर्जुमा समितिका सयोजक एव उपप्रमुख मोहनमाया भण्डारी ज्यूले पेश गर्नुभएको वीरेन्द्रनगर नगरपालिकाको आर्थिक .वर्ष २०७६/०७७ को नीति, योजना, बजेट तथा कार्यक्रम आगामी बैठकमा छलफल गर्ने गरि टेबल गरियो ।

निर्णय नं. २

यस नगरपालिकाको कार्यपालिकाको तर्फबाट उपप्रमुख मोहनमाया भण्डारी ज्यूले पेश गर्नुभएका देहायका विधेयकहरुलाई छलफल तथा स्वीकृतिका लागि बैठकमा टेबल गरियो ।

*निम्नः*

क) विनियोजन विधेयक, २०७६

ख) आर्थिक विधेयक, २०७६

ग) बजार व्यवस्थापन अनुगमन तथा उपभोक्ता हित सरक्षण सम्बन्धी विधेयक, २०७६

निर्णय नं. ३

यस नगरसभाको आगामि बैठक मिति २०७६ साल आषाढ १५ गते दिनको १:०० बजे बस्ने गरी स्थगन गरियो ।

**मिति २०७६ साल असार १५ गतेका दिन भएको पाँचौं नगरसभाको दोस्रो बैठकका निर्णयहरु**

<u>निर्णय नं. १</u>

पाँचौ नगरसभाको दोस्रो दिनको बैठक निम्नानुसार प्रकृयागत रुपमा संचालन गरियो । १.अध्यक्षता : श्री देव कुमार सुवेदी,कार्यपालीका प्रमुख

२.उपप्रमुख श्री मोहन माया भण्डारी ढकाल ज्युबाट मिति २०७६।०३।१० गतेको नगरसभाको बैठक पेश भएको आगामी आर्थिक वर्ष ०७६।७७ को नीति,बजेट,योजना तथा कार्यक्रमका विषयमा सभा अध्यक्ष ज्युबाट निम्न नगर सभा सदस्यहरुलाई छलफलमा भाग लिन चाहने निम्न सदस्यहरुलाई समय प्रदान भएकोमा सभा सदस्यज्युहरु बाट उठान भएका विषयको संक्षेपिकरण निम्नानुसार रहेको छ ।

क) डम्बर ब. नेपाली

चालु र पुंजिगत बजेटमा अन्तर धेरै भयो ।

ख) भोज प्र. ढकाल

बजेटका नीति तथा कार्यक्रममा साविककै निरन्तरता छन् । शिक्षामा बजेट थोरै भयो । विद्यालयका कर्मचारीहरुको तथा नगरपालिकाका कर्मचारीलाई सेवा सुविधा बढाई उत्प्रेरित बनाउनुपर्ने ।

ग) कृष्ण गौतम

विनियोजित वजेट खर्च गर्ने प्रक्रियाको बारेमा जिज्ञासा राख्नु भयो । बजेटलाई डालोको रुपमा भन्दा व्रेकडाउन गर्नु पर्ने कर नीति प्रस्ट हुनु पर्ने विद्‍युतीकरण कार्यक्रम सञ्चालन गर्दा स्टिमेट गरेर गर्नु पर्ने

घ) रेवती आचार्य

वडामा खानेपानीको समस्या भएकाले यसलाई दीर्घकालीन रुपमा समाधान गर्ने पर्ने , प्रा.वि. विद्‍यालयकहरुको भवन जिर्ण भएकाले भवन मर्मतमा ध्यान दिनुपर्ने

ङ) तृप्ती वि.क.

बैकल्पिक बस पर्कको सम्भावना के छ भनि जिज्ञासा राख्नु भयो ।

च) रामकुमारी थापा

बजेट नीति तथा कार्यक्रममा पूर्वाधार विकासलाई कम महत्व दिइएको । एकल महिलालाई छुट्याइएको,दुर्ब्यसनीमा फसेका बालबालिकाहरुलाई ब्यवस्थापन गर्नु पर्ने । विपन्न परिवारहरुलाई औषधि उपचारमा ध्यान दिनु पर्ने । आबाशे पुल निर्माण गरी ट्राफिक ब्यवस्थापन सहज बनाउनु पर्ने ।

छ) रमिला सोनी

दामासाहिले वजेट बाँडफाँड हुनु हुदैन ।

ज) टोपवहादुर रास्कोटी

शहरी नापी र चक्रपथ निर्माणमा सुस्त भएको प्रदेश सरकारसंग समन्वय गरी काम गर्नु पर्ने चालू खर्चमा मितब्ययीता अपनाउनु पर्ने , पशु सेवा तर्फको बजेट कम भएको , नगर स्तरीय गौरबको आयोजनाको विवरण उपलब्ध नभएको ।

झ) चुडामणी चपाई

आफ्ना कुरा राख्न पाउनु पर्ने आफ्ना कुरा राख्न नपाए सभा अगाडी वढ्न नदिने भन्ने धारणा राख्नु भयो । आ.व. २०७४/७५ को म.ले.प. उपलब्ध नभएको , वडालाई दयाको भरमा बजेट दिइएको , सुशासन भन्ने नाम मात्रको भएको र कार्यालय ब्यवस्थापन नभएको ।

ञ) चन्द्रकुमारी धामी

महिला स्वरोजगारको वजेट कहाँ खर्च भयो र कति बाँकी छ भनि जिज्ञासा राख्नु भयो । नगर प्रहरीको आवश्यकता भएको । सडक छेउमा फूटपाथको ब्यवस्था गर्नु पर्ने , विषयगत क्षेत्रका कार्यक्रमका बारेमा वडामा जानकारी हुनुपर्ने ।

ट) सावित्री सार्की

छुट्टै रुपमा दलितहरुको कार्यक्रम वडामा लागू नभएको , दलित बालबालीकाहरुलाई कापी मात्र बाँडेर कार्यक्रम सफल नहुने , वडा नं. १३ मा पहिरोले खानेपानीको मुहान विगारेका कारण खानेपानीको समस्या भएको

३.सभा अध्यक्षज्युबाट उपप्रमुख श्री मोहनमाया ढकाललाई सभाबाट उठाइएका विषय तथा जिज्ञासाको जवाफ दिन समय प्रदान गर्नुभयो ।

**उपप्रमुख ज्युबाट सभा सदस्यहरुले उठाएका सवालहरुलाई नगरपालिकाको साधन स्रोतले सम्भव भए सम्म समेट्ने । नीति तथा कार्यक्रमका सम्बन्धमा सभा सदस्यको सुझावलाई सम्मानपुर्वक ग्रहण गर्दै आवश्यक संशोधन एंव थपघट गर्ने प्रतिबद्धता दिए सँगै उपप्रमुखबाट पेश भएको आर्थिक वर्ष ०७६।७७ को नीति,बजेट,योजना तथा कार्यक्रम सर्वसम्वत रुपबाट सभाले पारित भयो ।**

४.मिति २०७६।०३।१५ गतेको नगरसभाको बैठकको दोस्रो सत्रमा सभाअध्यक्षले सार्वजनिक महत्वका विषयमा छलफलमा भाग लिन चाहने अग्रीम नाम दर्ता गरेका सदस्यहरुलाई समय प्रदान भएकोमा सभा सदस्यज्युहरु बाट उठान भएका विषयको संक्षेपीकरण निम्नानुसार रहेको छ ।

क) कृष्ण प्रसाद गौतम

SSE को रिजल्ट नतिजा कमजोर, पानीको व्यवस्थापन ,बसपार्क निर्माण लागत कति?कर्मचारी क्षमता वृद्धि, नगरपालिकाको बेरुजु बढ्दो क्रममा, ।

ख) डिल बहादुर रखाल

सुकम्बासीलाई लालपुर्जा दिनुपर्ने,सडक बत्ती व्यवस्थापन,सामुदायिक वनको काठ यहीका जनताले प्रयोग गर्न पाउनुपर्ने (बाहिर निकासी नियन्त्रण गर्नुपर्ने)

ग) चुडामणी चपाइ

नगरपालिकाको आम्दानी खर्च पारदर्शि गराउनुपर्ने,जनताको माग सम्बोधन नभएको ,नगरको अधिक बाटोहरु कालोपत्रे नभएको ,जग्गाको कित्ताकाट कहिले खुल्छ ?

घ) डम्बर बहादुर लामिछाने

सिटी बसपार्क संचालन किन ढिला ? वडा न. १६ को खानेपानी समस्या समाधान गर्न गुरांस गाउंपालिका संग समन्वय गर्नुपर्ने,वडा न. १६ को बिजुली बत्तिको समस्या समाधान गर्नुपर्ने

ङ) रामकुमारी थापा

फोहोर उठाउने गाडी निमित रुपमा संचालन गर्नुपर्ने,खानेपानी तथा ढल निकासको उचित व्यवस्थापन,जिर्ण विधुतपोल व्यवस्थापन,सडक पेटीको व्यवस्था ,हरियाली बनाउनुपर्ने ।

च) रमिला सोनी श्रीपाईली

शिक्षा तर्फको विकासमा जोड दिनुपर्ने,सडक बालबालिकाको उचित व्यवस्थापन ,सामाजीक विकासमा जोड दिनुपर्ने

छ) सुनिता चौधरी

सिकल सेस एनिमियाको रोकथाम उपचार गर्नुपर्ने,

ज) रामकुमार दर्लामी

ल्याण्डफिल्ड साईटको प्रगतिकहां पुग्यो ? सुकम्बासी समस्या समाधानमा के भइरहेको छ,बसपार्क कहिले संचालन हुन्छ ? विमानस्थलको जग्गा लगत कट्टा गर्नुपर्ने, उधोग प्रवर्द्धन गर्ने,नगर विकास समिति कुन निकायमा पर्दछ ? सार्वजनिक शौचालय राख्नुपर्ने ,ध्वनी प्रदुषण,विषादी नियन्त्रण गर्नुपर्ने ,कार्यपालिकाको प्रगति विवरण नआएको,अटो् नियमन नियन्त्रण गर्नुपर्ने,

झ) अर्जुन सुवेदी

२ न.का वडा सचिव नारायणदेव गिरीको मृत्यु भएकोमा शोक प्रस्ताव पारीत गरियोस, वडा न. ११ ले खरिद गरेको जग्गाको तिर्न बांकी पैसा नगरकार्यपालिका कार्यालयबाट व्यहोरियोस,वडाबाट बजेट छरेर खर्च गर्ने परम्परा सुधारियोस,जग्गाको कित्ताकाट नक्शापास छिटो खोलियोस ,महंगी नियन्त्रण कसले गर्ने ?

ञ) चन्द्रलाल सापकोटा

नगरगौरवको योजनाको बजेट के कति खर्च भयो ? तिब्र गतिमा घरहरु निर्माण भईरहेकोले खानेपानीको व्यवस्थापन कसरी गर्ने, भेरी नदी लिफि्टंग कहिले गर्ने ? लागुपदार्थ दुर्व्यसन न्युनीकरण कागजमा मात्र सिमित नहोस , कित्ताकाट खुला गर्न किन ढिलाई ?

ट) थिर बहादुर शाही

नगरप्रमुख, उपप्रमुखबाट खर्च हुने बजेट रकम (पचास लाख) कसरी खर्च गरिन्छ ? वडाबाट सिफारिस आएर खर्च गर्नुपर्ने, प्लानिंगका सडकमा समस्या समाधान गर्न (बाटोमा परेका घर टहरा सार्न) वडा मै बजेट दिनुपर्ने ,नगरविकास समितिको जग्गा व्यक्तिगत लाभका लागी प्रयोग/वितरण नगरियोस, बहिरा स्कुलको संरक्षण प्रवर्द्धनमा नगरपालिकाले ध्यान दिनुपर्ने, संखे किरा नियन्त्रणका लागी रकम विनियोजन गरियोस ।

ठ) टीका बि.क.

मंगलगढी चोक देखि लाटिकोइली सम्म सडक दुर्घटना नियन्त्रण गरियोस, वडा न. ९ मा डुबानको समस्यालाई हल गरियोस, पुराना बत्तिका पोलहरु उचित व्यवस्थापन होस,सार्वजनिक शौचालयको व्यवस्था गरियोस ,भेरीको पानी लिफ्ट गरि वीरेन्द्रनगरको पानीको समस्या समाधान गरियोस , दलित वर्गको विकासको लागी कार्यक्रमको व्यवस्था गरियोस ।

ड) पुरन बहादुर शाही

मंगलगढि चौक देखि लाटिकोइली सम्म सडक विस्तार सुधारको काम भएको, बाटोमा परेको जग्गाको लगत कट्टा गरि खाल्डा पुर्न न.पा.ले सहयोग गरोस , शक्तेकांडा लाई पर्यटक क्षेत्र बनाउनुपर्ने,

ढ) डम्मर बहादुर नेपाली

सबै सदस्य समेत त्याग गर्नतयार भएमा म एक वर्षको तलब सुविधा नमुना काममा खर्च गर्न तयार छु, सुर्खेतका खोलाहरु अतिक्रमण भई अव्यवस्थित रुपमा बनेका घरहरु लाई नियमन नियन्त्रण गर्नुपर्ने,नीति कार्यक्रम एन जी ओ को भर नपरी आफैं गर्नुपर्ने

ण) भुपेन्द्र प्रसाद ज्ञवाली

नगरपालिकाको कर्मचारीले ढिलासुस्ती गरेको, सामाजीक सुरक्षा भत्ता वडा बाटै वितरण गर्नुपर्ने, विद्यालय मर्ज गर्दा साना विद्यार्थीलाई स्कुल जान समस्या हुने, सामुदायिक विद्यालयमा ट्युशनको शिक्षा शाखाले निगरानी गर्नुपर्ने, १६ न. वडको स्वास्थ्य चौकीको इन्चार्ज प्राय काजमा बस्ने गरेकोले समस्या भएको ,कित्ताकाट छिटो खोलियोस,वडा सचिवले लामो विदामा बस्दा वडा समितिलाई जानकारी भएन,

सार्वजनिक महत्वका विषयमा सभा सदस्यहरुले उठाएका जिज्ञासाका सम्बन्धमा मिति २०७६।०३।१६ गते बिहान ११:०० बजे बस्ने बैठकमा विषयगत समितिका तर्फबाट संयोजकहरुलाई जवाफ तथा प्रतिकिया राख्ने व्यवस्था मिलाउने जानकारी गराउदै नगरसभाको दोस्रो सत्र मिति २०७६।०३।१६ गते बिहान ११:०० बजे सम्म लाई स्थगन गरियो ।

**मिति २०७६ साल असार १६ गतेका दिन भएको पाँचौं नगरसभाको तेस्रो बैठकका निर्णयहरु**

पाँचौ नगरसभाको तेस्रो दिनको बैठक निम्नानुसार प्रकृयागत रुपमा संचालन गरियो ।

१.अध्यक्षता : श्री देव कुमार सुवेदी,कार्यपालीका प्रमुख

२.सार्वजनिक महत्वका विषयमा सभा सदस्यले मिति २०७६।०३।१५ गते उठाएका जिज्ञासाका सम्बन्धमा विषयगत समितिका तर्फबाट संयोजकहरुले दिनुभएको जवाफको संक्षेपिकरण निम्नानुसार रहेको छ ।

**क) सार्वजनिक सेवा तथा क्षमता विकास समितिका तर्फबाट संयोजक श्री निलकण्ठ खनाल**

बेरुजु कम गर्न आ.ले प शाखा तत्काल गठन गरिनेछ । पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गर्ने आगामी वर्षको कार्यक्रम रहेको छ ।

नापि र मालपोत कार्यालय हाल सम्म स्थानीय तह मातहत नआएको हुँदा सुकम्बासीलाई लालपुर्जा वितरणको कामहुन नसकेको,तत निकाय नगरपालीकाको मातहत आएमा कार्य अगाडी बढाइने । सामुदायिक वनको व्यवस्थापनका लागि संघिय सरकार र प्रदेश सरकार सँग आवश्यक समन्वय गरिने । वित्तिय सुशासनका सम्पुर्ण औजारहरुको प्रयोग गरि नगरपालिकाको आम्दानी खर्चलाई पारदर्शि गरिनेछ । चैमासिक तथा वार्षिक सार्वजनिक सुनुवाई नगर तह र वडा तहमा नियमित गरिनेछ ।

नगरप्रमुख, उपप्रमुखबाट खर्च हुने बजेट रकम (पचास लाख) को खर्च वडा समिती र कार्यालयको आवश्यकताको आधारमा खर्च गर्ने गरिएको छ ।

सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप व्यवस्थित बनाइनेछ । वडा न १६ को स्वास्थ्य चौकिको व्यवस्थापन पक्षलाई थप सृदृढ बनाइनेछ ।

अटो नियमनको कार्य नियमित भइरहेको छ ।

कार्यपालीकाबाट मिति २०७६।०३।०१ गतेको बैंठकबाट शोक प्रस्ताव पारित गरिसकिएको छ । कार्यालयमा शोक पुस्तिका राखि श्रद्धाजली व्यक्त गरिएको छ । वडा न ११ को जग्गा खरिदको बाँकी रकम वडाकै वार्षिक बजेटबाट विनियोजन गर्ने गरि वडा समितीबाट निर्णय भई आएकाले सो बमोजिम हुने ।

**ख) पुर्वाधार विकास समितिका तर्फबाट संयोजक श्री ध्रुव चपाई**

नगरको बाटा नगरको साधन स्रोतका आधारमा कालोपत्रे तथा स्तरउन्नती गरिनेछ । जग्गाको कित्ताकाटका सम्बन्धमा गुरुयोजना तयारीको अन्तिम तरणमा रहेको हुँदा सो पश्चात खुल्ने ।

सिटी बसपार्क संचालनको अन्तिम चरणमा रहेको । साथै बसपार्क विस्तारको नीति लिइएको छ । वडा न. १६ को खानेपानी समस्या समाधान गर्न आवश्यक समन्वय गरिनेछ,वडा न. १६ को बिजुलीबत्तिको समस्या समाधान गर्न आवश्यक कार्य प्रारम्भ भइसकेको छ ।

नगर विकास समितीले जग्गा वहालमा दिएको तथ्याक संकलन गरि सोको प्रयोग अवस्था बुझि आवश्यक कार्य गरिनेछ । नगर विकास समिती शहरी विकास मन्त्रालय अर्न्तगतको स्वास्यत्त समिती हो ।

नगरगौरवको योजनाको बजेट खर्च सम्बन्धमा मिति २०७६।०३।१० गते प्रस्तुत नीति,बजेट योजना तथा कार्यक्रमको समिक्षा खण्डमा उल्लेख भएको ।

खोलाको किनारबाट सडक विस्तारका लागी आवश्यक सम्भाव्यता अध्ययनका सरोकारवालहरु संग छलफल गरिनेछ । पानीको व्यवस्थापनका लागी न पा बाट केहि बजेट विनियोजन गरिएको र उपत्यकाको खानेपानी समस्या समाधानका लागि प्रदेश सरकार सँग आवश्यक समन्वय गरिएको छ ।
भेरीको पानी लिफ्ट गरि वीरेन्द्रनगरको पानीको समस्या समाधान गर्न आवश्यक समन्वय गरिनेछ ।
सडक बत्तिको नियमित आपुर्तिको लागी वडा समितीलाई थप जिम्मेवारी गराइनेछ ।

**ग) आर्थिक विकास समितिका तर्फबाट संयोजक श्री राजबहादुर गुरुङ्ग**

र्कषि पशु विकास तर्फका कार्यहरु थप व्यवस्थित बनाएनेछ । संखेकिरा नियन्त्रणका लागी शत्रु जिव नियन्त्रण को कार्य संचालन गरिनेछ ।
शक्तेकाडा लाई पर्यटन गन्तव्यको रुपमा विकास गर्न हाल पहुँच मार्ग विकास गरिएको छ ।

**घ) सामाजिक विकास समितिका तर्फबाट संयोजक श्री यमुना नेपाली**

नगरका केहि सामुदायिक विघालयको SSE को नतिजा सुधार गर्न आगामी वर्ष लाई शैक्षिक वर्ष घोषणा गरि अगाडी बढन लागिएको छ ।
आगामी वर्षलाई शिक्षाको गुणस्तर सुधार वर्षको रुपमा लिई शैक्षिक दरबन्दी मिलान,बहिरा स्कुलको संरक्षण प्रवर्द्धनमा प्रदेश सरकार सँग आवश्यक समन्वय गरि कार्य अघि बढाइनेछ ।
महिला स्वरोजगार कार्यक्रमका सम्बन्धमा मिति २०७६।०३।१० गते प्रस्तुत नीति,बजेट योजना तथा कार्यक्रमको समिक्षा खण्डमा उल्लेख भएको ।
जातिय छुवाछुत,महिला हिंसा न्युनिकरण तथा बाल अधिकार प्रवर्द्धनका लागी आवश्यक व्यवस्था गरिनेछ ।
सिकलसेस एनिमियाको रोकथाम उपचार गर्नु आवश्यक तयारी गरिने
विघालयको नियमित अनुगमन निरिक्षण गरिनेछ ।
लागुपदार्थ दुर्व्यसन न्युनीकरणका लागि आगामी आ व मा आवश्यक बजेट विनियोजन भएको

**ङ) वातावरण तथा विपद व्यवस्थापन समितिका तर्फबाट संयोजक श्री टोप बहादुर दलामी**

दैनिक रुपमा फोहर उठाउन वडा तहलाई जिम्मेवारी दिइसकिएको र नगरका सार्वजनिक महत्वका स्थानमा कार्यालयले फोहर उठाउने गरेको । आगामी आ.व मा वडाको घरधुरीको २५ प्रतिशत रुख रोप्ने नीति लिइएको छ ।
ल्याण्डफिल्ड साईट सम्म ग्राभेल सडकको पहुँच विस्तार भएको,जग्गा प्राप्ती भएको अस्थायी रुपमा फोहर व्यवस्थापन गरिएको । सार्वजनिक शौचालय सहकार्यमा निर्माण गर्ने कार्य अघि बढेको छ ।
मंगलगढी चोक देखि लाटिकोइली सम्म सडक दुर्घटना नियन्त्रण गरिने । विपद पुर्व तयारीका आवश्यक व्यवस्था गरिनेछ ।

३.लेखा समितीका तर्फबाट संयोजक श्री बलबहादुर रोकाय ज्युले सभा समक्ष लेखा समितिको वार्षिक प्रतिवेदन पेश गर्नुभयो ।

४.सभाअध्यक्ष ज्युबाट उपप्रमुख ज्युलाई सभा सदस्यहरुले उठाएका समग्र जिज्ञासाका बारेमा थप प्रष्टताका लागि समय प्रदान गरियो । उपप्रमुखले दिनुभएको जवाफको संक्षेपिकरण निम्नानुसार रहेको छ ।

सदस्यहरुले उठाउनुभएका सवाललाई यस नगरपालिकाको विकास को सम्पति रुपमा ग्रहण गरेका छौं । उठाइएका धेरै विषयवस्तुहरुलाई नगरको साधन स्रोतले भ्याए सम्म कार्यपालिकाको कार्यालयले नीति,बजेट,योजना तथा कार्यक्रममा समावेश गरेका छौं । हामीलाई प्राप्त अधिकार सबैले पालना गर्नुपर्दछ । वडा समितीलाई पनि धेरै अधिकार रहेको छ । न्युन स्रोत साधनका बिच ठुला कार्य गर्न संघ र प्रदेश सरकार सँगको साझेदारीमा काम गर्न हामी तत्पर छौं ।

५.सभाअध्यक्ष ज्युबाट यस नगरकार्यपालिकाको तर्फबाट उपप्रमुख मोहनमाया भण्डारी ज्यूले मिति २०७६।०३।१० गते पेश गर्नुभएका निम्न विधेयकहरुमा बोल्न चाहने सदस्यहरुलाई आफनो नाम सचिवालयमा टिपाउन तिस मिनेटको लागी पहिलो सत्र स्थगन गरियो ।

*निम्नः*

क )विनियोजन विधेयक, २०७६ का सम्बन्धमा सभा सदस्य श्री कृष्ण गौतमले सभालाई जानकारी नदिई बाटो काटेर किन ऐन ल्याइयो भन्नु भयो । सभाअध्यक्ष ज्युले उपप्रमख ज्युबाट पेश भएका विनियोजन विधेयक, २०७६ पारितका लागी छलफलको क्रममा आएका सुझावलाई सम्बोधन गर्ने गरि सभा समक्ष पारितका लागि आव्हान गरे पश्चात सभाबाट सर्वसम्मत रुपमा विनियोजन विधेयक स्वीकृत भयो ।

ख) आर्थिक विधेयक, २०७६ पारितका लागी छलफलको क्रममा आएका सुझावलाई सम्बोधन गर्ने गरि सभा समक्ष पारितका लागि आव्हान गरे पश्चात सभाबाट सर्वसम्मत रुपमा आर्थिक विधेयक स्वीकृत भयो ।

ग) बजार व्यवस्थापन अनुगमन तथा उपभोक्ता हित सरक्षण सम्बन्धी विधेयक, २०७६ का सम्बन्धमा सभा सदस्य श्री तृप्ती वि .क. ले प्रत्येक वडामा हाट बजारको व्यवस्थापन गर्नुपर्ने भन्नु भयो । सभाअध्यक्ष ज्युले उपप्रमख ज्युबाट पेश भएको बजार व्यवस्थापन अनुगमन तथा उपभोक्ता हित सरक्षण सम्बन्धी विधेयक, २०७६ पारितका लागी छलफलको क्रममा आएका सुझावलाई सम्बोधन गर्ने गरि सभा समक्ष पारितका लागि आव्हान गरे पश्चात सभाबाट सर्वसम्मत रुपमा बजार व्यवस्थापन अनुगमन तथा उपभोक्ता हित सरक्षण सम्बन्धी विधेयक, २०७६ स्वीकृत भयो ।

६.सभा अध्यक्ष ज्युबाट पाँचौ नगरसभालाई समापन गर्ने क्रममा उपप्रमुख ज्युलाई समापन मन्तव्य राखिदिनहुन समय प्रदान गर्नुभयो ।

७.उपप्रमुख ज्युबाट आफ्नो समापन मन्तव्यमा हाम्रो नगरपालीका अल्पमत बहुमत नभई एकमत छ,एकता छ त्यसैले नगरमा समृद्ध सम्भव छ । हाम्रा साधन स्रोतले नभ्याएका,राजधानीको समृद्धी सँग जोडिएका पुर्वाधार विकासमा हामीले संघ तथा प्रदेश सरकार सँग सहकार्य गर्न जरुरी छ । सो का लागी सुर्खेत उपत्यकाको खानेपानी,सिटी बसपार्क विस्तार,चक्रपथ निर्माण जस्ता विषयहरुमा हामीले यस सम्मानीत निर्णय गरि माग गर्न सभा समक्ष अनुरोध गर्दछु ।

८.सभाअध्यक्ष ज्युले नगरसभामा उठाइएका विभिन्न सवालहरु एंव नगरका समस्याहरुलाई यथासक्य छिटो पुरा गराउने प्रतिबद्धता गर्दै नगरसभाबाट निम्न निर्णयहरु निर्णयार्थ सभा समक्ष पेश गर्नुभएको र सभाले सर्वसम्वत रुपमा स्वीकृती प्रदान गरियो ।

निम्नः

कर्णाली प्रदेशकी राजधानीका रुपमा रहेको यस नगरपालीका भित्रका राजधानीकै प्रतिष्ठा सग जोडीएका निम्न योजना तथा कार्यक्रमहरु नगरपलिकाको साधन स्रोतले मात्र पर्याप्त नदेखिएको हुदा यि योजना सचालनमा सहयोग गरिदिन सघिय सरकार र प्रदेश सरकार अनुरोध गर्ने ।

*निम्नः*

क) सुर्खेत उपत्यकामा खानेपानीका लागी भेरी नदि बाट लिफ्टीग

ख) सिटी बसपार्क र वैकल्पिक बसपार्कको व्यवस्थापन

ग) उपत्यकाको चक्रपथ निर्माण

घ) उपत्यका हरियाली कार्यक्रम

९ नगरसभामा उठान भएका सार्वजनिक महत्वका विषयमा स्रोत र साधनको उच्चतम प्रयोग गरी यथाशीघ्र कार्यान्वयन गर्न कार्यपालिकालाई निर्देशन दिने निर्णय भयो ।

१० गत नगर सभाबाट पारित चालु आर्थिक वर्षका योजना तथा कार्यक्रम लाई तत्काल आवश्यक भई वडा समिती र सम्बन्धीत शाखाको सिफारिसका आधारमा कार्यपालीकाको निर्णयानुसार संशोधन गरि कार्यान्वयन गरेकोमा सोको समर्थन गर्ने ।

११.सभाको निर्णय द्धारा कार्यसमापन गर्नुपर्ने नगरपालिकामा विविध महत्वपुर्ण विषयहरु निर्णय गरि समर्थनको लागि आगामी सभा समक्ष पेश गर्ने अख्तियारी प्रदान गरियो ।

१२.कार्यालयबाट प्रस्तुत भएको चालु आर्थिक वर्षको सशोधित आय व्यय,बजेट तथा कार्यक्रम र नगरपालीकाले हाल सम्म गरेका कामको समर्थन गरियो ।

१३.गत सभाबाट स्वीकृत आय अनुमान भन्दा बढि आन्तरिक आय तथा सशर्त तर्फको थप आय बमोजिम कार्यपालिकाले सर्शत कार्यक्रमको मार्गदर्शन तथा शाखागत रायका आधारमा विभिन्न कार्यक्रम संचालन गरेकोमा सोको समर्थन गरियो

१४.सभाअध्यक्ष ज्युले सभालाई समापन गर्ने क्रममा यस नगरपालिकाको पाचौ नगरसभा सफलता पुर्वक सम्पन्न गर्न आफ्नो अमुल्य समय सल्लाह तथा सक्रिय सहयोग प्रदान गर्नुहुने नगरसभा सदस्य ज्यूहरु , विभिन्न विषयगत समितिहरुका पदाधिकारीहरु , विभिन्न क्षेत्रका विषय विज्ञहरु , संचारकर्मी मित्रहरु, नगरपालिकाका कर्मचारी लगायत सम्पुर्णमा हार्दिक धन्यवाद दिदैं पाँचौ नगरसभाको बैठक समापनको घोषणा गर्नुभयो ।